तपाईंको मण्डलीको शिक्षण कार्यक्रम



पाष्टरीय तालीम पुस्तिका

६१

तालीम र वृद्धि

T&M ®

तपाईंको मण्डलीका सारा सदस्यहरुलाई प्रभुको कामको निम्ति तयारी पार्न परमेश्वरले तपाईं र तपाईंको शिक्षकहरुलाई प्रयोग गरुन् भनी प्रार्थना गर्नोस् ।

यो अध्ययनले तपाईंलाई शिक्षण कार्यक्रम शुरु गर्न अनि संयोजन गर्न सहयोग पुऱ्याउने छ, जसबाट तपाईंको मण्डलीका सदस्यहरुले खीष्टको निम्ति आत्मा जित्ने, खीष्टको देहको आत्मिक उन्नति र वृद्धिको निम्ति तिनीहरुको वर दानहरु प्रयोग गर्दै प्रभुको सेवा प्रभावशाली ढङ्गमा गर्नसक्नेछन् ।

धेरै प्रकारका शिक्षण कार्यक्रमहरु छन् । तर यो एक सरल अनि गतिशील प्रकारको छ, जसलाई तपाईंले आफ्नो मण्डलीको लक्ष्य र खाँचो अनुसार प्रयोग गर्न सक्नुहुनेछ ।



भाग १:
तपाईंको चेलापन अनि शिक्षणका लक्ष्यहरु पत्ता लाउनोस्

प्रेरित पावलले लेखे: *"प्रत्येक मानिसलाई चेताउनी दिँदै, र प्रत्येक मानिसलाई सारा बुद्धिमा सिकाउँदै हामी उहाँलाई घोषणा गर्दछौं, यस हेतुले कि प्रत्येक मानिसलाई ख्रीष्टमा परि पक्व बनाई प्रस्तुत गर्न सकौं ।"* (कलस्सी १:२८) ख्रीष्टमा सिद्ध बनाउनु नै मण्डलीको शिक्षण कार्यक्रमको अन्तिम लक्ष्य हो । तर, यो लक्ष्य हासिल गर्न, हरेक व्यक्ति अर्को लक्ष्यमा पुग्नुपर्दछ:

- परिवर्तन अनि मण्डलीमा ग्रहण । त्यो व्यक्तिले सुसमाचारलाई अङ्गाल्दछ अनि येशूलाई प्रभु भनी स्वीकार्दछ । (सुसमाचार प्रचार)

- ख्रीष्टप्रति आज्ञाकारिताको जीवन । प्रभु येशू ख्रीष्टका सारा आज्ञाहरु पालन गर्ने चेलाहरु बन्दछन् । (आधारभूत चेलापन)

- सेवकाइमा सहभागिता । प्रभावशाली सेवकाइमा भाग लिनु, जस्तै सुसमाचार प्रचार, शिक्षण, सेवा, परामर्श, मिसन, इत्यादि । (सबै विद्यार्थीहरुद्वारा सक्रिय सेवकाइ)

- ख्रीष्टमा परिपक्वता । धर्मशास्त्रको ज्ञानमा गहिरिँदै जानु, अनि इसाईहरुको रुपमा बढ्दै गएर प्रभुको सेवा गर्नु । (पवित्र आत्माको शक्तिमा वचनअनुसार जिउनु)

शिक्षणका चार लक्ष्यहरु

१. परिवर्तन अनि मण्डलीमा ग्रहण
(सुसमाचार प्रचार)

↓

२. ख्रीष्टप्रति आज्ञाकारी जीवन
(आधारभूत चेलापन)

↓

३. सेवकाइमा सहभागिता (सबै विद्यार्थीहरुद्वारा सक्रिय सेवकाइ) (सबै विद्यार्थीहरुद्वारा सक्रिय सेवकाइ)

↓

४. ख्रीष्टमा परिपक्वता
(पवित्र आत्माको शक्तिमा वचनअनुसार जिउनु)

विरुवाघरमा पौधा बढाउँदाको जीवनमा झैं यी लक्ष्यहरुको चार तह हुन्छन्:

१. अंकुरण नभएसम्म
बिऊ छर्नु ।
(सुसमाचार प्रचार)

२. विजारोपणबाट विरुवासम्म ।
(आधारभूत चेलापन)

३. बाधारहित हुर्कन पाओस्
भनेर ठूलो क्षेत्रमा सार्नु ।
(सक्रिय सेवकाइ)

४. पूर्ण वृद्धि / फल फलाउने हुनु ।
(पवित्र आत्माको शक्तिमा
वचनअनुसार जिउनु)

यी सबै तहहरु आवश्यक छन् । सर्वप्रथम, हामी सबैले सुसमाचार पाउनुपर्छ अनि हामीले हाम्रो जीवन खीष्टमा सुम्पनु पर्छ । त्यसपछि, आधारभूत चेलापनमा, हामीले इसाई जीवनका प्रथम चरणका कुराहरु सिक्दछौं । अनि, हामीले हाम्रो मण्डलीमा सेवकाइ गर्ने मौका पाउँदछौं । हामी प्रभुको सेवा गर्ने लक्ष्य राखी येशू खीष्टको ज्ञान र बाइबलको सिद्धतातर्फ लम्कँदै जान्छौं । अब अघि बढ्नु अघि, मण्डली शिक्षण कार्यक्रमको लक्ष्य के हुनुपर्छ भनी जान्न एफिसी ४:१-१६ पढ्नोस् । हामी ती लक्ष्यहरुलाई विस्तृत रुपमा हेर्नेछौं ।

लक्ष्य १
परिवर्तन अनि मण्डलीमा ग्रहण ।

जुन व्यक्तिले मण्डलीसित सम्पर्क राख्दछ, उसले सबभन्दा पहिले सुसमाचारमा विश्वास गर्नुपर्छ । त्यसैकारण मण्डलीको शिक्षण कार्यक्रमको सबभन्दा पहिलो लक्ष्य सुसमाचार प्रचार हुनुपर्छ । मण्डलीका सारा सदस्यहरुले तिनीहरुको आफन्तहरु र साथीहरुलाई, मण्डलीमा आउने आगन्तुकहरुलाई, तिनीहरुको काम गर्ने ठाउँमा, अथवा जहाँ-कहाँ पनि सुसमाचार सुनाउन सक्नुपर्छ ।

हरेकको आफ्नै सम्पर्क व्यक्तिहरु हुन्छन्: तिनीहरुका आफन्तहरु अनि मित्रहरु, अनि तिनीहरुलाई उनीहरुले साक्षी दिन सक्छन् । तिनीहरुले नयाँ व्यक्तिहरुलाई प्रभु येशू खीष्ट 'को हुनुहुन्छ', उहाँका आश्चर्यकर्महरु, उहाँको मृत्यु र पुनरुत्थान, अनि कसरी उहाँले क्षमादान दिनसक्नु हुन्छ, जसले पश्चाताप र विश्वास गर्दछन् उनीहरुलाई पवित्र आत्मा र अनन्त जीवन दिनुहुने कुराहरु सिकाउन सक्छन् ।

सुसमाचार प्रचारको निम्ति अध्ययनको लागि सल्लाहहरु (बाइबल कथाहरु):

- सृष्टि: उत्पत्ति १ (यो पनि बताइदिनुहोस् कि खीष्टमा भर ोसा राख्यौं भने परमेश्वरले हामीलाई नयाँ सृष्टि गर्नुहुनेछ, (२ कोरन्थी ५:१४-२१, प्रकाश २१:१-८)। नानीहरुको लागि चाहिँ यी पदहरुबारे छोटकरीमा बताइदिनु होस्, लामो गरी पढेर तिनीहरुको ध्यान नगुमाउनु होस् ।

- मानिसको पतन: उत्पत्ति ३ (आफ्ना पिताप्रतिको आज्ञाकारिताद्वारा खीष्ट 'अन्तिम आदम' बन्नुभयो जसले हामीलाई मृत्युको साटो अनन्त जीवन दिनुहुन्छ । रोमी ५:१२-२१, १ कोरन्थी १५:४२-५५)

- नूहको कथाः उत्पत्ति ६:७-२४
- चार सुसमाचारहरुमा भएको प्रभु येशूको जाँच, मृत्यु अनि पुनरुत्थान ।
- उडाऊ पुत्रको कथाः लूका १५:११-३२
- इथियोपियाको नपुङ्सकको परिवर्तनः प्रेरित ८:२६-४०
- जेलरको परिवर्तनः प्रेरित १६:१६-३४
- जीवनको रोटीः यूहन्ना ६
- गेरासेनको मानिसको परिवर्तनः मर्कूस ५:१-२०
- पावलको परिवर्तनः प्रेरित ९:१-१९

जसलाई हामीले निर्देशन दिँदैछौं, तिनीहरुलाई हामी निम्न कुराहरु गर्न सहयोग गर्नेछौं:

- प्रभु येशूको मृत्यु र पुनरुत्थानद्वारा हामीले पाप क्षमा र अनन्त जीवन पाउँदछौं भन्ने आधारभूत सत्यलाई निश्चयसँग भन्ने ।

- तिनीहरुको परिवारहरुलाई बाइबलको कथाहरु भन्ने ।

- प्रार्थना गर्ने अनि बाइबलका पदहरु कण्ठ गर्ने ।

- प्रभु येशू ख्रीष्टको नाउँमा पश्चाताप गर्ने, विश्वास गर्ने अनि बप्तिस्मा लिने ।

सुसमाचार प्रचारको लक्ष्यको सारांश

शिक्षकहरु	विद्यार्थीहरु	विषय सूचीहरु	लक्ष्य
मण्डलीमा भएको हर ेक इसाई	परिवर्तन नभएका मित्रहरु अनि आफन्तहरु	सुसमाचार	परिवर्तन, अनि मण्डलीमा ग्रहण ।

जुन सदस्यले सुसमाचार प्रचार गर्दछ, उसले सम्पर्क गरेका व्यक्तिहरुका नाउँ अनि ठेगानाहरुको सूची बनाउनोस् । यसलाई निम्न अनुसारको प्रयोगमा ल्याउन सकिन्छ:

- सदस्यहरुको निम्ति दिनहुँ प्रार्थना गर्न ।

- कुन कुन अध्ययनहरु दिइयो त्यसको लेखा राख्न ।

- तिनीहरुको काममा भएको प्रगतिबारे तिनीहरुको पाष्टर अथवा जिम्मेवारी व्यक्तिसित बाँड्चुड गर्ने ।

लक्ष्य २
खीष्टप्रति आज्ञाकारिताको जीवन

जब मानिसहरुले खीष्टलाई ग्रहण गर्दछन्, तिनीहरुलाई तुरन्तै प्रभु येशू खीष्टका आज्ञाहरु पालन गर्ने सक्रिय चेलाहरु बन्न सहायता गर्नोस् । अरुहरुलाई, विशेष गरी तिनीहरुका आफन्तहरु र मित्रहरुलाई, प्रभुको निम्ति जित्नको लागि शिक्षकले तिनीहरुलाई सहयोग गर्नेछ ।

कसरी दिनहुँ खीष्टसित जिउने बारेमा उनीहरुसित बाँडचुड गर्ने काममा शिक्षकको ठूलो जिम्मेवारी रहन्छ । उसले केवल जानकारीहरु मात्र होइन, तर जीवन नै बाँडचुड गर्दछ । हर क शिक्षक उसको विद्यार्थीको निम्ति एक नमूना हो । प्रेरित पावलले भनेका छन्: "मेरो अनुकरण गर्ने होओ, जसरी म खीष्टको अनुकरण गर्दछु ।" (१ कोरन्थी ११:१) हामीले भनेकोबाट भन्दा पनि हामी को हौं त्यसबाट विद्यार्थीहरुले बढी सिक्नेछन् । हाम्रो अधिकार र जिम्मेवारी यही हो कि विद्यार्थीहरुले हामीमा खीष्टलाई देखून्, अनि उहाँको अनुकरण गरुन् ।

जब विद्यार्थीहरुले अरुहरुलाई सुसमाचार सुनाइरहेका हुन्छन्, हरेकले के कसो गरिरहेको छ भनी शिक्षक सचेत हुनुपर्छ । शिक्षकले तिनीहरुको समस्याहरु अनि आशिषहरु सुन्नुपर्छ, अनि तिनीहरुको लागि परामर्श, प्रोत्साहन, अनि प्रार्थना गरि दिनुपर्छ ।

चेलापन सम्बन्धी क्रियाकलापहरु

हरेक क्रियाकलापलाई बुझाउनको निम्ति बाइबल खण्ड प्रयोग गर्नुहोस् । विद्यार्थीहरुलाई बन्धनीमा भएका पदहरु कण्ठ गर्न लाउनोस् । व्यक्तिगत रुपमा चेला बनाउने कामको निम्ति शिक्षकहरुलाई समय नभए, तिनीहरुलाई सहायकहरु छुटचाउनको निम्ति भन्नुहोस्, ताकि हरेक विद्यार्थीले चाहिएको ध्यान पाउनसकोस् । क्रियाकलापहरु क्रमसंख्या अनुसार नगर्नु होस् । तिनीहरुको खाँचो, रुची अनि अवसरअनुसार सूचीबाट क्रियाकलापहरु छानेर गर्नुहोस् ।

क) सुसमाचार ग्रहण गर्नु

(बन्धनीमा भएका पदहरु कण्ठ गर्ने)

१. ईमान्दारपूर्वक पश्चाताप गर्नु : लूका ३:१-१४ (पद ११)

२. तपाईं परमेश्वरको छोरा अथवा छोरी हुनुहुन्छ भनी निश्चित हुनु: यूहन्ना १:१-१८ (पद १२)

३. प्रभुलाई प्रेम गर्नु अनि उहाँको आज्ञा पालन गर्नु: यूहन्ना १५:१-२७, लूका १४:२५-३५, २ कोरन्थी ५:१४-१५ (यूहन्ना १४:१५)

४. बप्तिस्मा लिनु: मत्ती २८:१६-२० (पदहरु १९,२०)

५. परमेश्वरले पवित्र आत्मा किन पठाउनुभयो भनी जान्नु: यूहन्ना १४:१५-२६, १६:७-१५ (रोमी ५:५)

६. पवित्र आत्माले भरिपूर्ण हुनु: लूका ११:९-१३ (पद १३)

७. सधैं धन्यवाद दिनु: एफिसी ५:१८-२० (पद २०)

ख) खीष्टको चरित्र विकास गर्नु

१. सच्चा खुशी ल्याउने चरित्रहरु विकास गर्नु: मत्ती ५-७ (मत्ती ५:३-१०)

२. दिनहुँ प्रार्थना गर्नु, अरुहरुको निम्ति अन्तर्बिन्ती गर्नु अनि विशेष प्रार्थनाका विषयहरुको निम्ति विना कपट उपवास बस्नु: मत्ती ६:५-१८, १ तिमोथी २:१-२ (यूहन्ना १६:२४)

३. दिनहुँ बाइबल पढ्नु अनि मनन गर्नु: २ तिमोथी ३:१४-१७, मत्ती ४:४, भजन ११९:१-२४, २ तिमोथी ३:१६-१७ (पदहरु १६-१७)

४. सारा पापहरु मानिलिनु अनि पवित्र जीवन जिउनु: १ यूहन्ना १:५-१० (पद ९)

५. प्रभुभोजमा सहभागी हुनु: १ कोरन्थी ११:२३-२६ (पदहरु २४-२५)

ग) अरुहरुलाई सुसन्देश घोषणा गर्नु

१. खीष्टको मृत्यु अनि पुनरुत्थानको अर्थ खोलिदिनु: १ पत्रुस २:२४, ३:१८, गलाती ३:१३, रोमी ४:२५ (एफिसी २:६)

२. खीष्टको निम्ति साक्षी बन्नु, आफन्तहरु अनि मित्रहरुको माझमा: यूहन्ना १:३५-४२, यूहन्ना ३:१६, रोमी ३:२३, ५:८, ६:२३, १०:९, १०:१३ (लूका २४:४६-४८)

३. परमेश्वरले अवसर दिनुहुँदा नौला व्यक्तिहरुलाई पनि साक्षी दिनु: प्रेरित ८:२६-४० (प्रेरित १६:३१)

४. वास्ता नगरिएका मानिसहरुकहाँ सुसमाचार सुनाउनको निम्ति तपाईंको मण्डलीलाई सहयोग गर्नु: प्रेरित १:८, ८:१-८ (मत्ती २८:१८-२०)

५. अझसम्म पनि सुसन्देश नजानेका मानिसहरु अथवा मानव झुण्डहरु चिनेर सुसमाचार पुऱ्याउनु: प्रेरित १०:१-४८, १:८ (यूहन्ना ४:३५)



६. कसरी मण्डली बढ्दै गयो अनि चारैतिर फैलियो त्यसबारे बुझाइदिनु: प्रेरित १३ (प्रेरित १३:४७)

घ) विजय बनेर जिउनु

१. दिनहुँ पवित्र आत्माद्वारा नवीकरण हुनु: २ कोरन्थी ४:१६, गलाती ५:१-२६ (पदहरु २२-२३)

२. हाम्रा स्वर्गीय पिताको प्रेमिलो वास्तामा भरोसा गर्नु: रोमी ८:२८-३९, मत्ती ६:२५-३४ (पद ३३)

३. एउटा नयाँ अनि भिन्दै किसिमको जीवन जिउनु: एफिसी ४:१-३, १७-२६, कलस्सी ३:१-१७ (पदहरु १-३)

४. शैतानको विरोध गर्नु: याकूब ४:१-१० (पद ७)

५. सारा दुष्ट शक्तिहरुको विरुद्ध आत्मिकी युद्ध लड्नु: एफिसी ६:१०-२० (पद १२)

६. अनुग्रहद्वारा शरीर अनि संसारबाट छुटकारा पाउनु: एफिसी २:१-१० (पदहरु ८-१०)

७. परीक्षामाथि विजय हासिल गर्नु: मत्ती ४:१-११, हिब्रू ४:१४-१६, १ यूहन्ना २:१५-१७ (१ कोरन्थी १०:१३)

८. संसारको विरोधको सामना गर्नु: यूहन्ना १७:१४-१८, मत्ती ५:९-१६ (प्रेरित ५:२९)

९. खीष्टमा स्वतन्त्रताको निम्ति प्रार्थना गर्नु, शैतानबाट अथवा नराम्रा बानीहरुबाट पेलिएकामध्ये हरेकको निम्ति: मत्ती ८:२८-३२, प्रेरित १६:१६-१८ (कलस्सी २:१५)

ङ) अरुहरुको निम्ति आशिष बन्नु

१. तपाईंको जिब्रोलाई आशिषको निम्ति प्रयोग गर्नुहोस्: याकूब ३ (पदहरु ५-६)

२. व्यवहारिक रुपमा अरुहरुलाई प्रेम देखाउनु होस्: लूका १०:२५-३७ (पद २७), १ कोरन्थी १३:१-१३

च) भित्री सामर्थ्यको विकास गर्नु

१. खीष्टको साहसी सेनाको रुपमा सेवा गर्नु: २ तिमोथी २:१-१० (पदहरु १-३)

२. सधैं आनन्दित बन्नु: फिलिप्पी ४:१-९ (पद ४)

३. परमेश्वरसित भएको शान्तिको निम्ति निश्चित बन्नु: रोमी ५:१-९ (पद १)

४. तपाईंको विश्वासलाई अभ्यास गर्नु: हिब्रू ११ (पद १)

५. परमेश्वरको प्रेमिलो अनुशासनमा धैर्यपूर्वक समर्पित हुनु: हिब्रू १२:१-११ (पद १,२)

६. प्रेमिलो नम्रतामा अरुहरुप्रति समर्पित हुनु: फिलिप्पी २:१-११ (१ पत्रुस ५:६-७)

७. मलाप खोज्नु: मत्ती ५:२३-२४, १८:१५-२२ (एफिसी ४:३२)

८. तान्त्रिक कुराहरुलाई इन्कार गर्नु: व्यवस्था १८:९-२२, प्रेरित १९:१८-२० (पद १९)

९. निश्चयतासाथ मृत्युको सामना गर्नु: १ थिस्स. ४:१३-१८ (पद १४)

१०. नैतिक रुपमा शुद्ध रहनु: गलाती ५:१६-२५ (कलस्सी ३:५)

११. पवित्र आत्माको अगुवाइप्रति सचेत बन्नु: रोमी ८:५-१६, (पद १६)

छ) स्वस्थ पारिवारिक जीवन विकास गर्नु

१. तपाईंको पति अथवा पत्नीसित निरन्तर एक सुरक्षित अनि प्रेमिलो सम्बन्ध विकास गर्नु: हितोपदेश २२:६, प्रस्थान २०:१२, व्यवस्था ६:१-७ (एफिसी ६:४)

२. तपाईंका नानीहरुलाई निर्देशन दिनु अनि अगुवाइ प्रदान गर्नु: हितोपदेश २२:६ (एफिसी ६:४)

ज) अरुहरुको सेवा गर्नु

१. ठीक कार्यको निम्ति दिनु: मत्ती ६:१-४, १ कोरन्थी ९:६-८ (पद ७)

२. तपाईंलाई परमेश्वरले दिनुभएको आत्मिकी वरदानहरु परमेश्वर र अरुहरुको सेवा गर्नको निम्ति प्रयोग गर्नु: १ पत्रुस ४:१०-११ (पद १०), रोमी १२:१-८, १ कोरन्थी १२:१-१३, एफिसी ४:७-१६

विद्यार्थीहरुको नाउँ अनि माथि दिइएका क्रियाकलाप संख्याहरु लेख्न तल दिइएको चार्ट प्रयोग गर्नुहोस् । यसको निम्ति नयाँ पृष्ठ शुरु गर्नोस् । याद गर्नोस् (उदाहरणको लागि) पहिलो विषयको निम्ति दिइएका केही संख्याहरु मुन्तिर रेखाङ्कित गरिएका छन् ।

विद्यार्थीको चेलापन प्रगति चार्ट

सम्भव भए, माथि दिइएका चेलापन क्रियाकलापहरुको सूची तपाईंका विद्यार्थीहरु अनि सहयोगीहरुको निम्ति फोटोकपी गर्नुहोस् । तपाईंको समुदायमा चाहिने केही विषयहरु भए थप्नोस् । हरेक विद्यार्थीको प्रगति विवरण हेर्नको लागि पनि फोटोकपी गर्नुहोस् । शिक्षकहरुले उनीहरुका विद्यार्थीहरुको नाउँ चार्टमा लेख्नुपर्छ । जब कुनै विद्यार्थीले कुनै क्रियाकलाप अभ्यास गर्दैछ अनि बन्धनीमा भएको पद पनि कण्ठ गर्दैछ भने, सम्बन्धित विद्यार्थीको नाउँ पछाडि क्रियाकलाप संख्या लेख्नुहोस् । पहिलो उदाहरण जीवन भन्ने विद्यार्थीको हो जसले क:१, क:२, क:३, ख:४ अनि ग:१ क्रियाकलापहरु अभ्यास गर्दैछ....

जीवन सुब्बा

कः १ २ ३ ४ ५ ६ ७

खः १ ३ ३ ४ ५

गः १ ३ ३ ४ ५ ६

घः १ २ ३ ४ ५ ६ ७ ८ ९

ङः १ २

चः १ २ ३ ४ ५ ६ ७ ८ ९ १० ११

छः १ २

जः १ २

कः १ २ ३ ४ ५ ६ ७

खः १ ३ ३ ४ ५

गः १ ३ ३ ४ ५ ६

घः १ २ ३ ४ ५ ६ ७ ८ ९

ङः १ २

चः १ २ ३ ४ ५ ६ ७ ८ ९ १० ११

छः १ २

जः १ २

कः १ २ ३ ४ ५ ६ ७

खः १ ३ ३ ४ ५

गः १ ३ ३ ४ ५ ६

घः १ २ ३ ४ ५ ६ ७ ८ ९

ङः १ २

चः १ २ ३ ४ ५ ६ ७ ८ ९ १० ११

छः १ २

जः १ २

कः १ २ ३ ४ ५ ६ ७

खः १ ३ ३ ४ ५

गः १ ३ ३ ४ ५ ६

घः १ २ ३ ४ ५ ६ ७ ८ ९

ङः १ २

चः १ २ ३ ४ ५ ६ ७ ८ ९ १० ११

छः १ २

जः १ २

आधारभूत चेलापनको लक्ष्यको सारांश

शिक्षकहरु	विद्यार्थीहरु	विषय सूचीहरु	लक्ष्य
कुनै पनि नयाँ इसाईहरुलाई चेला बनाउने मातापिताहरु, खटिएका शिक्षकहरु	विश्वासीहरु अनि कहिल्यै पनि चेला नभएका जो कोही पनि	ख्रीष्टका आज्ञाहरु अनि शिक्षाहरु	ख्रीष्टमा आज्ञाकारी अनि विजयी जीवन

लक्ष्य ३
(सबै विद्यार्थीहरुद्वारा सक्रिय सेवकाइ)

१ कोरन्थी १२:४-७ अनुसार, हरेक विश्वासी कुनै न कुनै सेवकाइमा सहभागी हुनुपर्छ:: *"सबैका हितको लागि नै पवित्र आत्माको काम प्रकट हुन हरेकलाई दिइएको छ ।"* हरेक इसाईमा वरदानहरु छन्, अनि ती वरदानहरुलाई कुनै सेवकाइमा प्रयोग गर्न उसको शिक्षकले उसलाई सहयोग गर्नुपर्छ ।

एक ज्ञानी मण्डलीले उसका सदस्यहरु सम्बन्धित सेवकाइहरुमा प्रभावशाली हुन सकून् भनी विशेष कोर्सहरु सञ्चालन गर्दछ । त्यस्ता तालीम कोर्समा निम्नलिखित कुराहरु समावेश गर्न सकिन्छ:

- सेवकाइहरुको जानकारी,
- सेवकाइ शुरु गर्न अनि सेवकाइमा निरन्तर लागिरहनको निम्ति तालीम चलाइरहने, जसमा सम्बन्धित बाइबल खण्डहरु अनि अरु उपयोगी साहित्यहरुको पढाइ पनि समावेश गर्नसकिन्छ,

- प्रेम, विश्वास अनि आशाले भरिएका चरित्रलाई जोड दिने, अनि सेवकाइमा वृद्धि गर्ने,

- सेवकाइको सम्बन्धमा बाहिर जाने गर्दा व्यावहारिक शिक्षा प्रदान गर्ने:
  - मिलेर प्रार्थना र योजना गर्ने,
  - समस्याहरु अनि समाधानहरुको विषयमा कुरा गर्ने,
  - मूल्याङ्कन गर्ने ।

सेवकाइहरुका उदाहरणहरु

१ कोरन्थी १२ मा देखाइएको जस्तै गरी, विभिन्न व्यक्तिहरुले विभिन्न सेवकाइहरु गर्नुपर्छ । ती मध्ये केही सेवकाइहरु केवल कुनै विशेष क्षेत्रमा मात्र लागू हुन्छ । यहाँ केवल केही सल्लाहहरु दिइन्छन्:

- सुसमाचार प्रचार,

- अरु क्षेत्रहरुमा नयाँ मण्डलीहरु स्थापना गर्नु,

- नानीहरुलाई सिकाउनु,

- मद्यपान र दुर्व्यसनीमा लागेकाहरुलाई छुटकारा दिलाउनु,
- अन्धा, बहिरा अथवा अरु अपाङ्गहरुलाई सेवा पुऱ्याउनु,
- सुसमाचार पुऱ्याउने अथवा मण्डलीको उन्नति गर्ने हेतु लिएर बाइबलीय नाटकहरु प्रस्तुत गर्ने,
- सामाजिक कार्यमा भाग लिने,
- शत्रुको विरुद्ध प्रार्थना गर्ने अनि आत्मिकी युद्ध लड्ने,
- विदेश मिसनहरुको लागि मण्डलीलाई परिचालन गर्नु, जानकारी अनि कोष संकलन गर्ने, तालीम दिने अनि मिसनेरी टीमहरु पठाउने,
- सेवाको निम्ति जवानहरुलाई परिचालन गर्नु,
- हालैमा विवाहित भएका जोडाहरुलाई सेवा पुऱ्याउनु,
- बूढा-पाकाहरुलाई सेवा पुऱ्याउनु,
- घरमा अथवा अस्पतालमा बिरामीहरुलाई भेट्न जाने,

- जेलहरुमा भेट्न जाने,
- टुहुरा-टुहुरीहरुलाई भेट्न जाने,
- सेवा भवन निर्माण, सजिसजाउ अथवा सरसफाइ,
- सेवकाइमा प्रयोग हुने सम्पत्ति तथा सामाग्रीहरुको देखरेख,
- व्यक्तिगत अथवा पारिवारिक समस्याहरु हुने सदस्यहरुलाई परामर्श र अगुवाइ गर्न भेट्न जाने,
- पढ्न र लेख्न सिक्ने,
- स्वास्थ्य, पौष्टिक तत्त्व, अनि कसरी पौष्टिक खाना जुटाउन सागपातहरु लगाउनु त्यसबारे शिक्षा दिने,
- सेवाहरु संचालन गर्न अगुवाइ गर्ने, अनि सुहाउँदिलो संगीत जुटाउने,
- भ्रूण हत्या, सम्बन्ध विच्छेद, अश्लील साहित्यबारे नागरिक अधिकारीहरुलाई जानकारी दिने, अनि समाजमा इसाई स्तर कायम राख्न सल्लाह दिने,

- दैनिक पारिवारिक प्रार्थनाहरुको निम्ति परिवारहरुलाई सहायता गर्ने,
- मण्डलीको प्रशासनमा सहभागी हुने,
- संगति क्रियाकलापहरु आयोजन गर्ने,
- भण्डारेपन अनि आर्थिक क्षेत्रमा अरुहरुलाई सहयोग गर्ने,
- तपाईंलाई ठीक लागेका अरु सेवकाइहरु ।

सम्भव भएसम्म, हरेक झुण्डका अगुवाले निम्न कुरालाई परि भाषित गरिदिनुपर्छः

- झुण्डले के सेवकाइ गर्नेछ,
- झुण्डको उद्देश्य,
- झुण्डको अगुवाले कसलाई प्रतिवेदन दिनेछ,
- लक्ष्यहरु अनि मूल्यहरु,
- झुण्ड कहाँ अनि कहिले भेट्नेछ,

- सहायक अगुवाहरुलाई कसले तालीम दिने, ताकि उनीहरुले नयाँ झुण्डहरु शुरु गर्नसक्नेछन् ।

टिप्पणी: पाष्टरीय काममा सक्रिय मण्डलीका सदस्यहरु "तालीम र वृद्धि" कोर्समा भर्ना हुनुसक्छ ।



सेवकाइ झुण्ड खडा गर्ने अनि तालीम दिने बारेमा निर्देशनहरु

- चाहिएका सेवकाइहरु पहिचान गर्नोस्

केस अध्ययन: कुनै एउटा मण्डलीमा, केही व्यक्तिहरुको हृदयमा प्रभुले भत्किएका परिवारहरु, विद्रोही युवाहरु, अनि बूढापाकाहरुलाई विशेष सेवा दिनुपर्ने बोझ हालिदिनुभयो । तिनीहरुले प्रार्थनामा परमेश्वरको इच्छालाई खोजे, अनि उनीहरुले तिनीहरुको विचारलाई

मण्डलीको प्रमुख पाष्टरसित बाँडचुड गरे । प्रमुख पाष्टरले यो विचार आफ्ना पाष्टरीय टीमसित प्रस्तुत गरे, अनि उनीहरुले पनि शुरु गर्नलाई मञ्जूरी दिए । तिनीहरुले यस सेवकाइमा रुची राख्ने अनि यस क्षेत्रमा रुची लिने र जिज्ञासा लिने व्यक्तिलाई तिनीहरुको अगुवा नियुक्त गरे ।

- आवश्यक आत्मिकी वरदानहरु भएका मानिसहरुलाई तालीम दिनु

  केस अध्ययनः अघि नियुक्ति पाएको अगुवाले यस सेवकाइमा रुची लिने अरु व्यक्तिहरुसित भेटे अनि तिनीहरुलाई सेवकाइको निम्ति तयार पारे । झुण्डका सदस्यहरुले स्वयंसेवक-सेविकाहरुको रुपमा परिवारहरुमा परामर्श दिन तयार भए, अनि अरुहरु चाहिँ युवाहरु अनि प्रौढहरुको माझमा सेवा गर्न सहमत भए ।

- सेवकहरुलाई पठाउनु

  केस अध्ययनः झुण्डका सदस्यहरुले तिनीहरुको योजनाबारे मण्डलीलाई अवगत गराए । तिनीहरुको

काममा परमेश्वरको आशिष माग्न अगुवाहरुले तिनीहरुको लागि प्रार्थना गरे । तब तिनीहरुले आफ्ना छिमेकीहरुलाई यसबारेमा पत्रहरु पठाए ।

- सेवकाइलाई विकास गर्नु

केस अध्ययनः तिनीहरुले आवश्यकतामा भएकाहरुलाई भेट्न थाले अनि बूढापाकाहरुलाई दिउँसो भोजन पनि उपलब्ध गराए । केही सातापश्चात, धेरै परिवारहरुमा मिलाप आयो, धेरै जवान भाइबैनीहरु खीष्टमा फर्किए अनि धेरै संख्यामा बूढापाकाहरु पनि मण्डलीमा उपस्थित हुन थाले, अनि धेरैले विश्वास गरे ।

- सेवकाइको देखरेख भइरहेको

केस अध्ययनः हरेक दुइ महिनामा, प्रमुख पाष्टरले झुण्डसित तिनीहरुको सेवकाइको मूल्याङ्कनको निम्ति भेटघाट गर्ने काम गरे । उनले तिनीहरुलाई प्रोत्साहित गरे अनि केही उपयोगी बाइबल अध्ययन पनि गरे । तिनीहरुले विचारहरु आदान-प्रदान गरे, समस्याहरु सुल्झ्याए, अनि भविष्यको लागि योजना गरे ।

सबै विद्यार्थीहरुद्वारा सक्रिय सेवकाइको लक्ष्यको सारांश

शिक्षकहरु	विद्यार्थीहरु	विषय सूचीहरु	लक्ष्य
झुण्ड	सेवकाइमा	कसरी	मण्डली र
अथवा	काम	सेवकाइलाई	समुदायको
सेवकाइका	गर्ने	अघि	आत्मिक
अगुवाहरु	व्यक्तिहरु	बढाउने	उन्नति
			हुनजान्छ।

अध्ययनको निम्ति सल्लाहहरु

- नयाँ करार अनि पुरानो करारका पुस्तकहरु खोज्दा सजिलै भेटाउन सकियोस् भनेर ती नाउँहरु क्रमवद्ध रुपमा कण्ठ पार्नोस् ।

- बाइबलीय मानचित्रमा, अति मुख्य स्थानहरु भेट्टाउनोस्, अनि त्यहाँ केके भएको थियो बयान गरिदिनोस् । उदाहरणको लागि:

  नयाँ करार - यरुशलेम, बेथलेहेम, नासरथ, गालीलको समुद्र, यर्दन नदी, यहूदा, सामारिया, गालील, काना, कपर्नहुम, दश शहरहरु, ग्रीस, रोम, एफिसस ।

पुरानो करार - ऊर, मिश्र, बाबेल, दमस्कस, गाथ, यरिहो, सिनै ।

- आवश्यक खण्डहरु पाउन बाइबल कन्कोर्डेन्स प्रयोग गर्नुहोस् ।

- येशू ख्रीष्ट परमेश्वर हुनुहुन्छ भनी प्रमाणित गर्न धर्मशास्त्र प्रयोग गर्नोस्:

यशैया ९:६	मत्ती १:२३ (यशैया ७:१४ सित)
मर्कूस १४:५३-६५	यूहन्ना १:१४
यूहन्ना १:१	यूहन्ना ८:५८ (प्रस्थान ३:१४ सित)
यूहन्ना १:३	यूहन्ना १०:३०
यूहन्ना १४:९	यूहन्ना २०:२८
कलस्सी १:१५	रोमी ९:५

- बाइबल कथाहरुलाई नाटकको रुपमा प्रस्तुत गर्नोस्: केही सुहाउँदिला कथाहरु यसप्रकारका छन्:

उत्पत्ति ३	उत्पत्ति १८
रुथ	१ शमूएल १७

यूहन्ना ६:१-२४ यूहन्ना ९
लूका १०:२५-३६ लूका १५:११-३१

- मुख्य मितिहरु कण्ठ पार्नोस् । तलका उदाहरणहरु मोटामोटी रुपमा दिइएका छन्:

  - अब्राहाम: २००० वर्ष खीष्टपूर्व

  - मोशा: १४०० वर्ष खीष्टपूर्व

  - राजा दाऊद: १००० वर्ष खीष्टपूर्व

  - इस्राएलको राज्य (सामारिया) को पतन: ७२० वर्ष खीष्टपूर्व

  - यहूदाको राज्य (यरुशलेम) को पतन: ५८७ वर्ष खीष्टपूर्व

  - यरुशलेममा मन्दिरको पुननिर्माण: ५२० वर्ष खीष्टपूर्व

  - रोमीहरुद्वारा यरुशलेमको विनाश: ७० वर्ष खीष्टाब्द

- व्यक्तिगत बाइबल अध्ययन गर्नोस् । निम्न तरिकाहरु अप्नाउन सकिन्छ:

  - एक वर्षमा सारा बाइबल पढिसक्ने ।

  - बाइबल पदहरु कण्ठ पार्ने ।

कण्ठ पार्नको लागि सहयोगी बाइबल पदहरु

भजन लेखकले भनेका छन्: *"तपाईंको विरुद्धमा पाप नगरुँ भनेर, तपाईंको वचन मैले मेरो हृदयमा सुरक्षित राखेको छु"* (भजन ११९:११)। परमेश्वरको वचनले हामीलाई सबभन्दा राम्रो शिक्षा दिन्छ: *"मेरा सबै शिक्षकहरुभन्दा मेरो अन्तर्ज्ञान ज्यादा छ, किनकि म तपाईंको कानूनहरुमाथि मनन गर्दछु"* (भजन ११९:९९)। इसाई जीवनमा जुन व्यक्तिले प्रगति गर्न चाहन्छ, उसले बाइबलका पदहरु कण्ठ पार्दछ । आफ्नो विश्वासको निम्ति भ्यालखानमा परेका, तर जेलभित्र बाइबल लान नपाएका, धेरै इसाईहरुले उनीहरुले कण्ठ पारेका पदहरुमा नै मनन गरेर रहने गरेका छन् ।

प्रयोगद्वारा हामीले हाम्रो स्मरण शक्तिलाई बलियो पार्दछौं । यदि तपाईंलाई कण्ठ पार्न सजिलो भएन भने, अभ्यासद्वारा यो सजिलो हुनेछ । पदसंख्या सहित पदलाई कण्ठ पार्नोस् । यसरी खोज्न र लेख्न सजिलो हुन्छ । दस मिनेट पछि, अघि कण्ठ पारेको पद दोहोऱ्याउनु होस् । एक घण्टापछि, एक सातापछि, अनि एक महीनापछि दोहोऱ्याउनु होस् ।

कति जनाले महीनाको १२ वटा गरे वर्षमा १४४ वटा पदहरु कण्ठ गर्न सजिलो मानेका छन् । यदि तपाईंलाई मन लाग्यो भने, यहाँ हरेक सेटमा बाह्र वटा गरेर बाह्र सेट पदहरु दिइएका छन् ।

पहिलो दर्जन

यूहन्ना १४:६	मत्ती ११:२८-३०
२ कोरन्थी ५:१७	एफिसी २:८-१०
प्रेरित ४:१२	हिब्रू ७:२५
मत्ती ७:१३-१४	रोमी ८:१
लूका २३:४२-४३	यर्मिया १७:९-१०
१ कोरन्थी १:१८	१ कोरन्थी ६:१९-२०

दोस्रो दर्जन

यूहन्ना १५:४-५
१ पत्रुस ५:६-७
मत्ती १८:३
हिब्रू ४:१५-१६
मत्ती २२:२९
२ पत्रुस १:२१
गलाती ३:२२
यूहन्ना ५:२४
प्रकाश ३:२०
याकूब ४:४
यशैया ५५:१
रोमी १०:९

तेस्रो दर्जन

हिब्रू १०:१४
प्रेरित १३:३८-३९
लूका २४:४५-४७
१ कोरन्थी २:९
१ कोरन्थी २:१४
भजन १९:७
भजन ३२:५
रोमी ८:३२
प्रेरित १०:४२,४३
प्रकाश १४:१३
यूहन्ना १:१२-१३
यर्मिया २९:१३

चौथो दर्जन

रोमी १:१६-१७
१ पत्रुस ३:१२
व्यवस्था ६:४-७
रोमी १२:१,२
यूहन्ना १०:२७-२८
व्यवस्था ४:२
यशैया ४२:८
२ कोरन्थी ९:८

रोमी ३:१९,२०
यर्मिया ३३:३
२ कोरन्थी ६:१७,१८
मत्ती १८:१९

पाँचौं दर्जन

यूहन्ना ४:१३,१४
हिब्रू ९:२४-२६
यशैया ८:२०
हितोपदेश ३:५-६
१ यूहन्ना ४:१६
मत्ती २१:२२
२ कोरन्थी ५:२०,२१
यूहन्ना ७:३७-३९
यूहन्ना १२:४८
रोमी ६:१,२
यशैया ४३:२५
मत्ती ५:२०

छैंटौं दर्जन

रोमी १०:१२,१३
१ थिस्सलोनिकी २:१३
यशैया २६:३,४
१ कोरन्थी ८:९-११
याकूब १:५-६
२ तिमोथी १:७,८
रोमी ८:१४,१५
याकूब १:२१,२२
१ कोरन्थी ११:२६
फिलिप्पी ३:१-११
रोमी ३:२३-२६
हितोपदेश १२:१५

सातौं दर्जन

१ कोरन्थी १५:५५-५८
रोमी ८:३८,३९
१ तिमोथी ४:१-३
याकूब ४:१३-१५
हिब्रू ९:२७,२८
हितोपदेश १४:१२
रोमी ८:२६,२७
यूहन्ना २०:३०,३१
प्रकाश २२:१९
हितोपदेश २७:१
मत्ती २४:४४
मत्ती ७:१३,१४

आठौं दर्जन

हब्रू २:३
रोमी ८:१६ १
१ यूहन्ना ३:१४
मत्ती २८:६
भजन ५१:५
भजन २३
यूहन्ना ३:३-६
यूहन्ना ४:१३
१ यूहन्ना ५:१३
१ कोरन्थी १५:३-६
रोमी ३:९-११
भजन १

नौवाँ दर्जन

मर्कूस ७:२१-२३
रोमी ५:१२
मत्ती २५:४६
रोमी ३:१२
प्रकाश २१:८
२ पत्रुस ३:९

लूका १९:१०
एफिसी १:७
भजन ८

१ यूहन्ना ४:१०
कलस्सी १:२०
भजन १९

दशौं दर्जन

रोमी ५:१९
यूहन्ना ३:३६
हिब्रू १०:२५
यशैया १:१८
रोमी ५:६-८
भजन ४२

प्रेरित १७:३०,३१
रोमी ६:४
मर्कूस ५:१९
१ तिमोथी १:१५
२ तिमोथी १:१२
भजन २

एघारौं दर्जन

यशैया ४१:१०
मर्कूस ८:३८
याकूब ४:४
मर्कूस ८:३६
फिलिप्पी ४:१९
१ कोरन्थी १३

हितोपदेश २९:२५
लूका १२:४,५
१ तिमोथी २:१-५
मत्ती ६:३३
भजन ३७:२५
भजन १९

बाह्रैं दर्जन

हिब्रू १२:१४	यूहन्ना १४:२७
भजन ३४:१०	मत्ती ७:१
रोमी २:१-३	रोमी १४:१२
मित्ती ६:१४-१५	फलिप्पी ४:१३
एफिसी ३:२०,२१	मत्ती १८:३४,३५
भजन ८४	भजन ६३

- यो पुस्तकमा दिइएको चेला निर्माणसम्बन्धी निर्देशनहरु पालन गर्न एक मण्डली बाइबल स्कूल (अथवा हाल चलिरहेको 'सण्डे स्कूल' अथवा 'बाल संगति' लाई रुप परिवर्तन गरेर) खडा गर्नोस् ।

- एक समय-तालिका बनाउनोस् ।

  केस अध्ययन । एउटा मण्डलीले कोर्सहरु शुरु गरिने अनि अन्त गरिने, अध्ययन कार्यक्रम, जाँच, इत्यादि मिलाएर एक समय-तालिका बनायो । कक्षाहरु सितम्बरमा शुरु गऱ्यो, अनि तीन महीनासम्म लगातार चलिरहऱ्यो । तिनीहरुले एक महीना विश्राम लिए, अनि

जनवरीमा फेरि शुरु गरे । अध्यय कार्यक्रम “दीक्षान्त” समारोह सहित जून महीनामा सकियो ।

- तपाईंको झुण्डको परिपक्वता, खाँचो अनि योजनाहरु अनुसार सामाग्रीहरु छान्नोस् अथवा तयार पार्नोस् । आधारभूत चेलापनको कामको निम्ति, यस अध्ययनमा दिइएका निर्देशनहरु सहित तपाईंको बाइबल प्रयोग गर्नु उचित होला । अनुभवी शिक्षकहरुले जब तिनीहरुले आफ्ना पाठहरु तयार पार्दछन् त्यसैबाट राम्ररी सिकाउन सक्छन् ।

- तपाईंका शिक्षकहरुलाई तालीम दिनोस् । हाम्रा प्रभु येश ख्रीष्ट अनि उहाँका प्रेरितहरु जस्ता सच्चा बाइबलीय शिक्षकहरुले कामको स्थितिमा नयाँ शिक्षकहरुलाई तालीम दिन्छन् । तिनीहरुलाई धेरैभन्दा धेरै सिकाउने अवसरहरु दिने, ताकि तिनीहरुले आफैले आफ्ना झुण्डहरु खडा गर्न सक्छन् । तिनीहरुलाई तालीम दिनको लागि यो पुस्तक प्रयोग गर्नुहोस् ।

केस अध्ययनः उदाहरणको निम्ति माथि भनिएको मण्डलीले कोर्स शुरु हुनुभन्दा अघि अगष्ट महीनामा

शिक्षकहरुलाई तालीम दिने व्यवस्था मिलाउँछ। मुख्य पाष्टरले चाहिँ तिनीहरुको सेवकाइको सुपरिवेक्षण गर्ने गर्दछ अनि तिनीहरुलाई सल्लाह दिन तयार रहन्छ।

लक्ष्य ४
पवित्र आत्माको शक्तिमा वचनअनुसार जिउनु ।

निरन्तर वचन अनुसार जिउनुको लागि आत्मिकी परिपक्वता चाहिन्छ। यो संसारमा छँदा हामी सिद्ध परिपक्वतामा पुग्न सक्तैनौं, तर ख्रीष्टमा बढिरहेका हुन्छौं। पवित्र आत्माले हामीलाई हरेक पाइलामा सहायता गर्नुहुन्छ। प्रेरित पावलले भने, *"भाइ हो, मैले यी सब पक्रिसकेको छु भनी म ठान्दिनँ, तर म एउटा काम गर्दछु, कि पछाडिका कुराहरु बिर्सेर र अगाडिका कुराहरुतिर जोडसँग लम्कँदै ख्रीष्ट येशूमा परमेश्वर को स्वर्गीय बोलावटमा पाइने पुरस्कारको निम्ति निशानातिर म जोडसँग अगि बढ्दछु।"* (फिलिप्पी ३:१३-१४)

इसाई परिपक्वता भनेको प्रभु येशू ख्रीष्टजस्तै हुनलाई बढ्दै जानु हो। हामीले कति जान्दछौं, अथवा कति धेरै मण्डलीको काम गऱ्यौं, अथवा कति लामो प्रार्थना गर्दछौं, यसबाट परि

पक्वता नापिन्न । अपरिपक्व इसाईहरु, बुद्धिस्टहरु, अनि हिन्दूहरुले यी आत्मिकी क्षेत्रहरुको कुनै एक भाग वा त्योभन्दा बढी क्षेत्रमा निकै श्रेष्ठता हासिल गरेको पाइन्छ ।

इसाई परिपक्वता भनेको सेवकाइको हरेक क्षेत्रमा गजबले बढ्नु पनि होइन । वास्तवमा हामी कुनै पनि क्षेत्रमा त्यति र ाम्रो हुन नसकौंला । तर हामीले ता बरु सन्तुलन कायम गर्न जान्नु पर्दछ । हामीले अरु आत्मिकी वरदानहरु भएकाहरुसँग प्रेमभावमा मिलेर काम गर्न जान्नु पर्दछ, ताकि हाम्रा कमजोर क्षेत्रहरु उनीहरुमा भएको सामर्थ्यद्वारा सन्तुलनमा आउन सकोस अनि परमेश्वरले हामीलाई कुन कुरो गर्न सामर्थ्यवान पार्नुहुन्छ त्यही गर्न हामी सहयोग गर्नेछौं । (१ कोरन्थी १२-१३)

- हामी ख्रीष्टको ज्ञान र वचनमा बढ्ने छौं, तर हामी हाम्रो प्रेमिलो सम्बन्ध र नम्र सेवाद्वारा त्यो ज्ञानलाई सन्तुलित पार्नेछौं । (रोमी १२)

- हामी सेवकाइको दक्षतामा बढ्नेछौं तर कम अनुभवीहरुलाई उत्साहित पार्ने अनि तालीम दिने प्रयासद्वारा हाम्रो दक्षतालाई पनि सन्तुलित पार्नेछौं, फलस्वरुप तिनीहरु पनि सेवकाइमा दक्ष बन्न सकून् । (तीतस १:५)

- अरुहरुको निम्ति भएको प्रेममा हामी बढ्नेछौं तर हामीले अविश्वासीहरुकहाँ सुसमाचार लिएर जाने अनि उनीहरुको सेवा गर्ने कामद्वारा सङ्गी विश्वासीहरुसितको हाम्रो प्रेमिलो सम्बन्धलाई सन्तुलित पार्नेछौं । यसरी हाम्रो झुण्ड भित्रपट्टि मात्र बढ्ने रोगबाट बँच्नेछ । (यूहन्ना ४:३५, प्रेरित १३:१-३)

- यो भित्री चरित्र विकासलाई बाहिरी सेवाद्वारा सन्तुलित राखेर, हामी व्यक्तिगत पवित्रता र ख्रीष्टप्रति आज्ञाकारि तामा, अनि अरु सारा इसाई सद्गुणहरुमा बढ्नेछौं ।

कसरी हामीले यस्तो परिपक्वताबारे सिकाउन सक्छौं ? हामीले नमूना भएर देखाउनु पर्छ । यदि मेरो मुख्य आत्मिकी वरदान सिकाउनु हो भने, मैले अरु सेवकाइहरु भएकाहरुसित मिलेर काम गर्नु पर्छ । सुसमाचार सुनाउँदै, र समुदायका अरु खाँचोहरु पूरा गर्दै अनि नयाँ करारमा भनिएका अरु सारा सेवकाइहरु पूरा गर्दै हामीले शिक्षालाई सन्तुलित पार्नु पर्दछ । अरुसित भएका सेवकाइहरुसित मिलेर हामीले काम गर्नुपर्दछ । कति पटक हामीले एकभन्दा बढी सेवकाइहरुमा त्यही समय त्यही व्यक्तिहरुसित काम गरिरहेका हुन्छौं ।

पवित्र आत्माको शक्तिमा वचनअनुसार जिउनुको लक्ष्यको सारांश

शिक्षकहरु	विद्यार्थीहरु	विषय सूचीहरु	लक्ष्य
सन्तुलित इसाई जीवनलाई नमूना बनाउन सक्ने परिपक्व इसाईहरुले	सेवकाइ गर्दै खीष्टमा बढाउनको निम्ति चेला बनाउने काम गर्दछन् ।	परमेश्वरको वचन जीवनको हरेक क्षेत्रमा लागू गर्दछन् ।	उनीहरुले सबै कुरामा खीष्टलाई प्रतिविम्बित गर्दछन्, अनि आफ्ना वरिपरि को संसारलाई परिवर्तन गर्दछन् ।

भाग २:
उन्नतिशील अध्ययन तयार पार्ने, प्रस्तुत गर्ने अनि अभ्यास गराउने

हरेक पाठमा तीन तत्त्वहरु हुनुपर्छः

१. तयारीः सिकाउनको लागि शिक्षक र सहयोगीहरुले तयारी गर्दछन् ।

२. प्रस्तुतिः एक जना व्यक्तिले सारा पाठहरु सिकाउलान् । शायद सहयोगीहरुले यसका केही भागहरु सिकाउलान् । सारा झुण्डले चाहिँ छलफलमा भाग लिनेछन् ।

३. अभ्यासः यो अध्ययनसित सम्बन्धित काम गर्न हरेक विद्यार्थीलाई सहयोग गर्नुहोस् ।

यी तीनै तत्त्वहरुमा हामीले गहन ध्यान दिनेछौंः तयारी, प्रस्तुति, अनि अभ्यास । हामी चेलाहरु बनाउँदछौं, तर पर मेश्वरको वचन सुन्नेहरु मात्र होइन । (याकूब १:२२) शिक्षक, अथवा सहयोगीहरुले तिनीहरु स्वयंको, उनीहरुको परिवार अनि साथीहरुको, अथवा उसको सेवकाइको खाँचो अनुसार केही गर्न दिने ।

पढाउनु भन्दा धेरै दिन अघि नै पाठ तयारी गर्न शिक्षकहरुलाई मदत गर्नोस् । किन तिनीहरुले पहिल्यैबाट तयारी गर्नुपर्छ ?

ज्ञानी शिक्षकले उसका विद्यार्थीहरुको लक्ष्य अनि खाँचो अनुसार आफ्नो पाठ प्रस्तुत गर्दछ । यदि उसले मण्डलीमा अनि विद्यार्थीहरुको जीवनमा के भइरहेको छ, त्यो वास्ता नै नगरी सिकाउँछ भने, उसले विद्यार्थीहरुलाई पनि वाक्कै पार्दछ अनि परमेश्वरको वचनको प्रयोगमा पनि बाधा ल्याउँछ ।

त्यसैकारण विद्यार्थीहरुको जीवनमा वचनलाई प्रयोगमूलक बनाउनु हो भने हामीले विद्यार्थीहरुलाई राम्ररी जान्नु अति खाँचो छ। भरपूर अध्ययन दिनको लागि सबभन्दा सजिलो उपाय यही हो कि प्रार्थनासहित विषय र बाइबल पदहरु चुन्ने, लक्ष्य र खाँचोलाई ध्यानमा राख्ने, अनि आफ्ना विद्यार्थीहरुको कुराहरुलाई सुनिदिने।

कति शिक्षकहरुले चाहिँ उनीहरुको पाठ तयार पार्न केवल बाइबल मात्र प्रयोग गर्दछन्। उनीहरुले खण्ड पढ्दछन् (अथवा बाइबलको कथा भन्दछन्), त्यसपछि प्रश्नहरु सोध्दछन् ताकि पछिबाट झुण्डमा छलफल गर्न सजिलो होस्। प्रश्नहरु यस प्रकारका हुनसक्छन्:

- यो खण्डले कुन मुख्य विषयमा सिकाउँछ ?
- हामीले के गरेको परमेश्वर चाहनुहुन्छ ?
- यो गर्नको निम्ति तपाईंको योजना के छ ?
- कोसित ?
- कहिले ?

लामो पद्यांश पढ्नु अघि, मुख्य मुख्य कुराहरु टिपी राख्नको लागि हामी विद्यार्थीहरुलाई यसो भन्न सक्छौं। उदाहरणको

लागि: “जब तपाईंले एफिसी ५:२६-३३ पढ्नु हुन्छ, पतिहरुले गर्नुपर्ने दुइ मुख्य कुराहरु पत्ता लाउनु होस् ।”

मण्डलीमा शिक्षणको व्यवस्था मिलाउनको लागि सल्लाहहरु

मण्डलीमा सिकाउने व्यवस्था मिलाउने तरिका थुप्रै छन् । तल दिइएको एक नमूना तपाईंले आफ्नो मण्डलीमा प्रयोग गर्न सक्नुहुन्छ । यसरी सबैले सिक्नसक्छन् अनि झुण्डको काममा सक्रिय सहभागी बन्नसक्छन् । कुनै पनि झुण्डमा बाह्र जनाभन्दा बढी नहोस् । जब बाह्रजना भन्दा बढी विद्यार्थीहरु हुन्छन्, अर्को झुण्ड बनाउनु राम्रो हुन्छ ।

एउटा झुण्डमा पुरुष, स्त्री, प्रौढ अनि जवानहरु हुनसक्छन् । परिवारहरुलाई सकेसम्म सँगै राख्ने प्रयास गर्नुपर्छ । केही समय किशोर-किशोरी अनि नानीहरुलाई उनीहरुको उमेरअनुसारका कुराहरु सिकाउनु अति राम्रो हुन्छ ।

मण्डलीमा सिकाउने सम्बन्धमा एक रुपरेखा



नयाँ झुण्डहरु बढ्नु पर्ने आवश्यकता

जब तपाईंले इसाई विश्वास सिकाउनको निम्ति नयाँ मानिसहरुको झुण्ड निरन्तर चलाइरहनु हुन्छ तपाईंको मण्डली बढ्ने छ। आगन्तुकहरु, साथीहरु अनि भर्खर परिवर्तन भएकाहरुलाई पुरानोमा भन्दा नयाँ झुण्डमा समावेश गर्नु झन सजिलो हुन्छ।

शिक्षकको काम

- विद्यार्थीहरुको जीवन परिवर्तन अनि वृद्धिको लागि प्रार्थना गर्नुहोस्।

- बाइबल खण्डहरु पहिल्यैबाट अध्ययन गर्नोस्, अनि तपाईंको प्रस्तुतिलाई तयार गर्नुहोस्।

- सकेसम्म हरेक विद्यार्थीसँग व्यक्तिगत रुपमा बात गर्नोस् अनि तिनीहरुले सिकेका कुराहरुलाई तिनीहरुको जीवनमा अभ्यास गर्न सिकाउनु होस् (यदि तपाईंसँग पर्याप्त समय नभएमा, सहयोगीहरु खटाउनु होस्)।

- विद्यार्थीहरुले राखेको लक्ष्य कति हासिल गऱ्यो, त्यसको जानकारी राख्न विद्यार्थीहरुको नाउँको सूची राख्नोस् ।

- विद्यार्थीहरुको प्रगति र समस्याबारे जानकारी दिन तपाईंको कामलाई जसले निरीक्षण गर्दैछ उसलाई हरेक महीना यो सूची देखाउनु होस् ।

- पाठको भाग भागबाट सिकाउनको निम्ति शिक्षकहरु तयार पार्नोस् । (यसरी हरेक सहयोगीले पूरा पाठ सिकाउन सिक्छ ।)

सबै काम आफै गर्न चाहने अगुवा एक स्वार्थी व्यक्ति हो । सहयोगीहरुलाई तालीम दिन असफल बन्दा ख्रीष्टको देह कमजोरी बन्न पुग्छ । ज्ञानी शिक्षकले आफ्ना सहयोगीहरुलाई सिकाउन सक्ने बनाउँछ । उसले तिनीहरुलाई तालीम दिन्छ अनि तिनीहरु नयाँ झुण्डहरु अथवा कक्षाका शिक्षकहरु बन्नेछन् । मण्डलीहरु अनि झुण्डहरु बढ्न र वृद्धि हुनको लागि यो एक प्राकृतिक अनि बाइबलीय उपाय हो ।

शिक्षकहरुको सहयोगीहरुको काम

साँचो बाइबलीय शिक्षकहरुले सेवकाइको लागि मानिसहरु सुसज्जित पार्न सिकाउँछन् । (एफिसी ४:११-१६) यसबाट तिनीहरुले पनि सिकाउनको लागि अनि झुण्डका विभिन्न सेवकाइहरु अगुवाइ गर्नको लागि सहयोगीहरु तयार पार्नेछन् । यसमा नयाँ शिक्षकहरु हुनेछन्, जसहरुले अझसम्म आफ्नो झुण्डहरु अगुवाइ गरेकै छैनन् ।

सहयोगीले निम्न कामहरु गर्नुपर्ने हुनसक्छ:

- शिक्षकलाई पाठ तयारी गर्न अनि कक्षामा सिकाउन सहयोग गर्ने (पाठको कुनै भाग पढाइदिएर)।

- हरेक विद्यार्थीसँग व्यक्तिगत रुपमा कुरा गर्ने, ताकि तिनीहरुले सिकेका बाइबलीय लक्ष्यलाई व्यवहारमा ल्याउन सक्नेछन् ।



विशेष उद्देश्यहरु सहित नयाँ झुण्डहरु

केही खाँचोहरु पूरा गर्नको निम्ति, कुनै नयाँ र अस्थायी झुण्डहरु खडा गर्न सकिन्छ (शायद हरेक वर्षमा ६-८ साताको निम्ति)। उदाहरणको लागि, सुसमाचार प्रचारको निम्ति नयाँ तरिका सिकाउन, विवाहको तयारी गर्न, जवान दम्पत्तिहरुलाई सहयोग गर्न, नानीहरु हुर्काउन, सामाजिक समस्याहरु, इत्यादि ।

शिक्षण झुण्डहरुमा अझ बढी सहयोगी जुटाउन सहयोग गर्ने

- जब सम्भव हुन्छ, एक वृत्ताकारमा अथवा कुनै टेबलको वरिपरि बस्ने ।

- हरेकलाई तिनीहरुको विचारहरु व्यक्त गर्न प्रोत्साहित गर्नोस् अनि प्रश्नहरु सोध्नोस् ।

- गोप्यता कायम राख्ने (गुप्ती कुराहरु नभन्ने)। यदि कसैले अति व्यक्तिगत कुरा झुण्डलाई भनेको छ भने, त्यो अरु कसैलाई कुनै पनि हालतमा भन्नु हुँदैन ।

- सिकाउँदा, सबै जना सहभागी होऊन् भन्ने हिसाबले प्रश्नहरु गर्नोस् । उदाहरणको लागि, “एक जना इसाईले अविश्वासीलाई विवाह गर्नु राम्रो होइन” भनेर भनी नहाल्नोस् । तर विद्यार्थीहरुलाई त्यस्तो बेमेल विवाहको नतिजा के हुनेछ भनी सोध्नोस् । यसरी उनीहरुले २ कोरन्थी ६:१४ मा भएको आज्ञा पालन गर्न

इच्छुक बन्नेछन् । उनीहरु शिक्षणमा, उत्तर दिनुमा अनि छलफलमा भाग लिन इच्छुक बन्नेछन् ।

उनीहरुले सिकेका कुराहरु हरेक विश्वासीले व्यवहारमा ल्याउने छ, झुण्डलाई उनीहरुले के गरिरहेका छन् अनि तिनीहरुको समस्याहरु केके हुन्, ती सब भन्नेछन् ।

झुण्ड सेवाको निम्ति प्रस्तावित क्रियाकलापहरु

- प्रार्थना । एकाअर्काको निम्ति प्रार्थना गर्ने समय छुट्याउनोस् ।

- पहिलेको सभामा तपाईंहरुले निर्णय गर्नुभएको लक्ष्यहरु अनि परिणाम (विद्यार्थीहरुले गत साताको पाठमा सिके अनुसार के कस्ता अभ्यासहरु गरे तिनी) हरुको बारेमा छलफल गर्नोस् । बौद्धिक ढङ्गले के सिके भन्दा पनि के गर्न सके, त्यसमाथि जोड दिनोस् । अरुहरुसित बाँडचुड गर्दा, सबै जना विभिन्न प्रकारका अनुभवहरुबाट झन राम्ररी निर्माण हुन्छन् ।

- सिकाउने । ज्ञानी रुपमा सिकाउने तरिका भाषण छाँटेर लामो समय बिताउने होइन तर सबैले छलफलमा भाग लिन सक्ने गरी प्रश्नहरु सोध्नु हो । जे सिकिएको छ त्यो अनुसार जिउनु नै बाइबल अध्ययनको लक्ष्य हो ।

- झुण्ड सेवकाइहरु, सुसमाचार प्रचार, सामाजिक क्रियाकलाप अनि सिकाउनुको निम्ति विषयहरु योजनागत गर्ने । टीमको रुपमा काम गर्नु अति राम्रो हो । यसरी सदस्यहरुले एकाअर्कामा समर्पित हुन सिक्नेछन् ।

सारांश जाँच

मण्डलीमा जोसुकै आऊन्, उनीहरुको निम्ति मण्डलीको शिक्षण कार्यक्रमका चार लक्ष्यहरु के के हुन् ?

अभ्यासको काम

तपाईंको सहकर्मीहरुसँग मिली प्रार्थनासहित तपाईंको मण्डलीको शिक्षण कार्यक्रमलाई राम्ररी मिलाउने काम गर्नोस्, अथवा फेरि मिलाउने काम भएको होस्, ताकि विश्वासीहरु वचनअनुसार गर्नेहरु हुनसकून् ।

यस्तो पाराले योजना मिलाउनोस् कि हरेक व्यक्तिले शिक्षा पाउने मात्र होइन, तर चेलाहरु पनि बनाउने छन्, हुनसक्छ तिनीहरुको आफन्तहरु अथवा साथीहरुसित मिली कोर्सबारे कुरा गर्ने मौका मात्र किन नलिऊन् ।

शुरु गर्ने एक तरिका

१. मण्डलीका सदस्यहरुमध्येबाट एक झुण्डलाई कसरी चेलाहरु बन्ने बारेमा (आधारभूत चेलापन) शिक्षा दिनोस् ।

तपाईं, अथवा जसलाई तपाईंले तयार पार्नुहुन्छ, उसले केही गम्भीर इसाईहरुलाई चेला बनाउने ।



२. तपाईंका मानिसहरुकहाँ सुसमाचार प्रचार गर्न जानोस्, कसरी गर्ने भनी तिनीहरुलाई देखाइदिनोस् ।

३. यी शिक्षार्थीहरुले जसलाई भेटघाट गर्नेछन् तिनीहरुसित अथवा मण्डलीमा भएका अरुहरुसित तिनीहरुले आधार भूत चेलापनको आ-आफ्नै झुण्डहरु शुरु गर्न सहायता गर्नोस् । शिक्षकको हैसियतमा तपाईंले तिनीहरुलाई अगुवाइ गर्नोस् अनि तिनीहरुको कामको सुपरिवेक्षण गर्नुहोस् ।

तिनीहरुको कामको सुपरिवेक्षण



४. जसले आधारभूत चेलापन सिकिसकेको छ, उसलाई अरुहरुलाई सुसमाचार प्रचार गर्न, विश्वास गर्नेहरुलाई चेला बनाउन अनि तिनीहरुको आफ्नै परिवारबाट शुरु गरी एक झुण्ड खडा गरेर सिकाउन सहयोग गर्नोस् ।

५. शिक्षकहरु अनि सहायकहरु, अनि सेवकाइहरुमा सहभागीहरुलाई तालिम दिनोस् अनि परिचालन गर्नोस् ।

६. संयोजक अथवा सुपरभाइजरको काम पूरा गर्ने

एल्डरहरु अथवा पाष्टरहरुमध्ये एक जनाले शिक्षण संयोजनको निम्ति निम्नलिखित कुराहरु गर्नेछन्:

- परीक्षणको रुपमा प्रथम चेलापन झुण्ड शुरु गर्ने ।

- कसरी सुसमाचार प्रचार गर्ने अनि चेलाहरु बनाउने– ती अगुवाहरु, शिक्षकहरु अनि तिनीहरुका सहयोगीहरुलाई नमूनाको रुपमा देखाउने ।

- संख्यात्मक रुपमा बढून् अनि सेवकाइमा परिपक्वता आएको होस् भनी प्रार्थना गरिदिने ।

- चेलापन क्रियाकलापहरु (माथि दिइएको) सूचीहरु हेर्नोस् ।

- कस-कसले सुसमाचार प्रचार गरिरहेका छन् अनि चेलाहरु बनाइरहेका छन्, पक्का गर्नोस् ।

- यी विश्वासीहरुलाई तिनीहरुको काममा सल्लाह दिने काम भइरहेको होस् ।

- हरेक विद्यार्थीले पनि चेलाहरु बनाइरहने गरी व्यवस्था मिलाउनोस् ।

- शिक्षकहरुको लागि सहयोगीहरु नियुक्त गर्दै जानोस् अनि तिनीहरुलाई नयाँ झुण्ड खडा गर्न सहयोग गर्नोस् । यसरी हरेक व्यक्तिमाथि व्यक्तिगत ध्यान पुऱ्याउन सकिन्छ । शिक्षक सधैं अगुवा नै हुनुपर्छ भन्ने छैन । उसले कुनै सहयोगी खोज्नुपर्छ, जसमा एक अगुवाको गुण छ । यिनै अगुवाले तिनीहरुको

सेवकाइमा एफिसी ४:११-१६ मा भनेअनुसार अरुहरुलाई प्रोत्साहित गर्न सक्नेछ ।

- पहिले सहायक हुनेहरुलाई लिएर नयाँ शिक्षकहरु तयार पार्न तालीम दिने काम भइरहोस् ।

- सारा परिवारको लागि क्रियाकलापहरु योजनागत गर्नोस् ताकि विभिन्न उमेरका विद्यार्थीहरु सकेसम्म अलग अलग हुन नपरोस् ।

टिप्पणीहरु:

टिप्पणीहरु

टिप्पणीहरु

कपीराइट र जानकारी:
© 2001 Project WorldReach © 2001 SEAN
सर्वाधिकार सुरक्षित

Train & Multiply®

Project WorldReach (टि एम सेवकाइ संचालन)

Dr. George Patterson (मौलिक लेखक)
SEAN International

सम्पर्क ठेगाना: **Project WorldReach PWR®**

474 - 800 - 15355 - 24th Ave
Surrey BC, Canada
V4A 2H9

इमेल: pwr@trainandmultiply.com

वेबसाइट: http://www.trainandmultiply.com

061NP01A-01